हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment and Development Company Ltd.
(साविकको नाम जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)
हात्तीसार, काठमाण्डौ, नेपाल
फोनः ९७७–१–४५४५०१३, ४५४५०१४,४५४५०१५ फ्याक्सः ९७७–१–४५४५०१६
ई–मेलः info@hidcl.org.np Website http://www.hidcl.org.np

# हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको संस्थापक समूहको अवितरित हकप्रद शेयरको लिलाम बढाबढ मार्फत संकलित बोलपत्रवालाहरुको गोप्य शिलबन्दी बोलपत्र फिर्ता गर्ने बारेको अत्यन्त जरुरी सूचना

हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको संस्थापक समूहतर्फको अवितरित ३,३०,००,००० कित्ता हकप्रद शेयर लिलाम बढाबढ मार्फत बिक्री गर्न मिति २०७८/११/०१ गतेदेखि मिति २०७८/११/१५ गतेभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएकोमा नेपाल धितोपत्र बोर्डको पत्र संख्या सु.बि. २०७८/०७९, च.नं. ८९३, मिति २०७८/११/१२ गतेको पत्रबाट अर्को सूचना प्रकाशित नभएसम्मको लागि उक्त लिलाम बढाबढ मार्फत बिक्री गर्ने कार्य स्थगित गर्न निर्देशन प्राप्त भए बमोजिम मिति २०७८/११/१३ गतेदेखि स्थगित गरिएको र नेपाल धितोपत्र बोर्डको पत्र संख्या सु.बि. २०७८/०७९, च.नं. ९६६, मिति २०७८/१२/०२ गतेको पत्रबाट हाललाई सो अवधि भित्र आवेदकहरुको संकलित रकम फिर्ता गर्न सकिने लेखि आएकोले लगानीकर्ताहरुको हित संरक्षणलाई मध्यनजर गरी देहायमा उल्लेखित प्रक्रिया अपनाई आवेदकहरुको शिलबन्दी बोलपत्र **मिति २०७८/१२/०४ गते शुक्रबारदेखि फिर्ता गर्न लागिएको हुँदा आवेदन दिनु हुने बोलपत्रवालाहरुलाई आफूले बोलपत्र बुझाएको संकलन केन्द्रहरुमा स्वयं उपस्थित हुनु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ।**

**बोलपत्रवालाको संकलित बोलपत्र फिर्ता भुक्तानीको प्रक्रियाः**

१. शिलबन्दी बोलपत्र फिर्ताको लागि यस कम्पनीले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ। निवेदन साथ बोलपत्र दर्ता गर्दाको सक्कल दर्ता रसिद र नागरिकता वा आफ्नो परिचय खुल्ने कागजातको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
२. सक्कलै शिलबन्दी बोलपत्र बोलपत्रवालालाई फिर्ता गरिने छ।
३. बैंक भौचर/IPS मार्फत रकम जम्मा गरेका बोलपत्रवालाहरुको हकमा सम्बन्धित बोलपत्रवालाले रकम फिर्ता पाउनको लागि यस कम्पनीले तोकेको ढाँचामा सक्कल बैंक भौचर/IPS को Statement राखि निवेदन दिनु पर्नेछ।
४. सि.नं. ३ को निवेदनको आधारमा बोलपत्रवालाको रकम निष्काशन बैंकको खातामा जम्मा भएको यकिन गरे पश्चात् बोलपत्रवालाहरुको निवेदनमा उल्लेख भएको बैंक खातामा उक्त रकम निवेदन प्राप्त भएको भोलि पल्ट जम्मा गरिने छ।
५. Good for Payment Cheque मार्फत बोलपत्र पेश गरेका बोलपत्रवालाहरुको हकमा उक्त Good for Payment Cheque Cancel गर्नका लागि उक्त चेक संलग्न गरी निवेदन दिनु पर्नेछ र उक्त निवेदनको आधारमा चेक जारी गर्ने सम्बन्धित बैंकको नाउँमा Cheque Cancellation Letter उपलब्ध गराइनेछ।

**बोलपत्रवालाले पेश गर्नुपर्ने कागजातहरुः**

(क) निवेदनहरु (निवेदनहरु यस कम्पनीको वेभसाइट वा सम्बन्धित कार्यालयबाट प्राप्त गर्न सकिनेछ)।
(ख) बोलपत्र दर्ता गर्दा बिक्री प्रबन्धक/संकलन केन्द्रले दिएको सक्कलै दर्ता रसिद।
(ग) खोलिएको शिलबन्दी बोलपत्र।
(घ) बोलपत्रदाताको नागरिकता वा आफ्नो परिचय खुल्ने कुनै पनि आधिकारिक कागजातको प्रतिलिपि।
(ङ) बैंक भौचर/IPS मार्फत रकम जम्मा गरेका बोलपत्रवालाहरुको हकमा सक्कल बैंक भौचर/IPS को Statement।

बिक्री प्रबन्धकः
Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, वडा नं. १ लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०७८/१२/०४ गतेको कारोबार र नयाँपत्रिका दैनिकमा प्रकाशित गर्ने ।